# भाग २

## श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

**श्री ५ महाराजाधिराज वीरेन्द्र वीर बिक्रम शाहदेवबाट जारी गरिबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।**

२०५२ सालको ऐन नं. १५

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

## नेपाल नर्सिङ परिषदको व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना : नेपाल अधिराज्यको नर्सिङ सेवालाई प्रभावकारी बनाई व्यवस्थित एवं वैज्ञानिक ढंगले परिचालन गर्न तथा नर्सहरुको योग्यता



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८८३

अनुसार नामदर्ता गर्ने समेत व्यवस्था गर्न एक नर्सिङ परिषद्को स्थापना गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको चौबीसौं वर्षमा संसदले यो ऐन बनाएकोछ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "नेपाल नर्सिङ परिषद् ऐन, २०५२" रहेकोछ ।

(२) यो ऐन श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको मितिदेखि तोकेको क्षेत्रमा लागू हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "परिषद्" भन्नाले दफा ३ बमोजिम स्थापना भएको नेपाल नर्सिङ परिषद् सम्झनु पर्छ ।

(ख) "अध्यक्ष" भन्नाले परिषद्को अध्यक्ष सम्झनु पर्छ ।

(ग) "सदस्य" भन्नाले परिषद्को सदस्य सम्झनु पर्छ र सो शब्दले अध्यक्ष समेतलाई जनाउँछ ।

(घ) "नर्स" भन्नाले यो ऐन बमोजिम मान्यता प्राप्त शिक्षण संस्थाबाट नर्सिङ विषयमा डिग्री, डिप्लोमा वा प्रमाणपत्र प्राप्त व्यक्ति सम्झनु पर्छ ।

(ङ) "अ.न.मि. (सहायक स्वास्थ्य परिचारिका)" भन्नाले यो ऐन बमोजिम मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.न.मि. (सहायक स्वास्थ्य परिचारिका) को प्रमाणपत्र प्राप्त व्यक्ति सम्झनु पर्छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार

८८४

(च) "दर्तावाला नर्स" भन्नाले दर्ता किताबमा नामदर्ता भएका नर्स सम्झनु पर्छ ।

(छ) "दर्ता किताब" भन्नाले यो ऐन अन्तर्गत नर्सहरुको नामदर्ता गर्न खडा गरिएको दर्ता किताव सम्झनु पर्छ ।

(ज) "रजिष्ट्रार" भन्नाले दफा १३ बमोजिम नियुक्त गरिएको वा तोकिएको व्यक्ति सम्झनु पर्छ ।

(झ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

३. <u>परिषदको स्थापना</u> : यस ऐन बमोजिम नर्सिङ सेवालाई व्यवस्थित रुपमा सञ्चालन गर्न नर्सिङ परिषद् स्थापना गरिएकोछ ।

४. <u>परिषद स्वशासित संस्था हुने</u> : (१) परिषद् अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हुनेछ ।

(२) परिषद्को सबै कामको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(३) परिषद्ले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, वेचबिखन गर्न वा अन्य कुनै किसिमले वन्दोबस्त गर्न सक्नेछ ।

(४) परिषद्ले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न र परिषद् उपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५. परिषदको गठन : (१) दफा ३ बमोजिम स्थापना भएको परिषद्मा देहायका सदस्यहरु रहनेछन् :-

(क) नर्सिङ विषयमा स्नातक भई कम्तीमा पाँच वर्ष नर्सिङ व्यवसायमा अनुभव प्राप्त व्यक्तिहरुमध्ये श्री ५ को सरकारबाट मनोनीत व्यक्ति -अध्यक्ष

(ख) महानिर्देशक, स्वास्थ्य सेवा विभाग वा निजले तोकेको अधिकृत नर्स -सदस्य

(ग) मेट्रोनहरु मध्येबाट श्री ५ को सरकारबाट मनोनीत दुई जना -सदस्य

(घ) अध्यक्ष, नेपाल नर्सिङ संघ -सदस्य

(ङ) नर्सिङ क्याम्पसका क्याम्पस प्रमुखहरुमध्ये श्री ५ को सरकारबाट मनोनीत दुई जना -सदस्य

(च) प्रतिनिधि, त्रिभुवन विश्व विद्यालय, चिकित्साशास्त्र अध्ययन संस्थान -सदस्य

(छ) नेपाल नर्सिङ संघका साधारण सदस्यहरु मध्येबाट निर्वाचित दुई जना -सदस्य

(ज) नर्सिङ क्षेत्रमा ख्याति प्राप्त नर्सहरुमध्ये परिषद्को सिफारिशमा श्री ५ को सरकारबाट मनोनीत दुई जना -सदस्य



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(झ) प्रतिनिधि, प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् -सदस्य

(२) उपदफा (१) को खण्ड (छ) बमोजिमका सदस्यहरु निर्वाचित भई नआएसम्म नेपाल नर्सिङ संघका साधारण सदस्यहरु मध्येबाट श्री ५ को सरकारबाट मनोनीत दुई जना सदस्यहरु परिषद्को सदस्यको रुपमा रहनेछन् ।

(३) श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी परिषद्का सदस्यहरुमा थपघट वा हेरफेर गर्न सक्नेछ ।

(४) परिषद्ले आवश्यक देखेमा नर्सिङ क्षेत्रको कुनै स्वदेशी वा विदेशी विशेषज्ञलाई पर्यवेक्षकको रुपमा बैठकमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(५) उपदफा (१) को खण्ड (छ) बमोजिमको सदस्यको निर्वाचन प्रकृया तोकिए बमोजिम हुनेछ ।

६. <u>सदस्यको पदावधि</u> : (१) परिषद्मा मनोनीत वा निर्वाचित सदस्यहरुको पदावधि चार वर्षको हुनेछ । पदावधि समाप्त भएपछि निजहरु पुनः मनोनीत वा निर्वाचित हुन सक्नेछन् ।

(२) पदावधि समाप्त नहुँदै कुनै सदस्यको पद रिक्त हुन आएमा बाँकी अवधिको लागि अर्को सदस्य मनोनीत वा निर्वाचित हुनेछ ।

७. <u>सदस्यको निमित्त अयोग्यता</u> : देहायको कुनै व्यक्ति परिषद्को सदस्यमा मनोनीत वा निर्वाचित हुन वा सदस्यमा बहाल रहन अयोग्य मानिनेछ :-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। ८८७

(क) गैर नेपाली नागरिक,

(ख) दर्ता किताववाट नाम हटाइएको,

(ग) साहूको ऋण तिर्न नसकी दामासाहीमा परेको,

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतवाट कसूरदार ठहरी सजाय पाएको, वा

(ङ) मगज विग्रेको ।

८. सदस्यता समाप्त हुने अवस्था : देहायको अवस्थामा परिषद्को सदस्यता समाप्त भएको मानिनेछ :-

(क) दफा ७ वमोजिम सदस्य रहन अयोग्य भएमा,

(ख) सदस्यको पदवाट दिएको राजिनामा स्वीकृत भएमा,

(ग) मृत्यु भएमा, वा

(घ) परिषद्लाई कारण सहितको सूचना नदिई लगातार तीन पटक भन्दा वढी परिषद्को वैठकमा अनुपस्थित भएमा ।

९. परिषदको काम, कर्तव्य र अधिकार : परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) नर्सिङ सेवालाई सुचारु रुपले सञ्चालन गर्न आवश्यक नीति निर्धारण गर्ने ।

(ख) नर्सिङ व्यवसाय सम्बन्धी अध्ययन, अध्यापन गराइने शिक्षण संस्थाहरुको पाठ्यक्रम, भर्नाका



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

शर्तहरु तथा परीक्षा प्रणाली सम्बन्धी नीति निर्धारण गरी तत्सम्वन्धी कुराहरुको मूल्यांकन र पुनरावलोकन गर्ने ।

(ग) नर्सिङ व्यवसायीहरुको योग्यताको निर्धारण गरी योग्यता पुगेका नर्सिङ व्यवसायीहरुको नामदर्ता गर्ने व्यवस्था गर्ने ।

(घ) नर्सिङ विषयमा अध्ययन गराउने शिक्षण संस्था तथा अ.न.मि. तयार गर्ने संस्थाहरुलाई मान्यता दिने ।

१०. <u>परिषदको बैठक र निर्णय</u> : (१) परिषद्को बैठक साधारणतया वर्षको चार पटक बस्नेछ र अध्यक्षले आवश्यक देखेमा सो भन्दा वढी पटक पनि बैठक बोलाउन सक्नेछ ।

(२) परिषद्को बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) परिषद्को बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ । निजको अनुपस्थितमा बैठकमा उपस्थित सदस्यहरुले आफूमध्येबाट छानेको व्यक्तिले बैठकको अध्यक्षता गर्नेछ ।

(४) परिषद्को कुल सदस्य संख्याको पचास प्रतिशत सदस्यहरु उपस्थित भएमा मात्र परिषद्को बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) परिषद्को बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णयात्मक मत दिन सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(६) परिषद्को निर्णय रजिष्ट्रारद्वारा प्रमाणित गरिनेछ ।

(७) सदस्यहरुले बैठकमा भाग लिंदा पाउने भत्ता तथा अन्य सुविधाहरु तोकिए बमोजिम हुनेछ ।

(८) परिषद्को बैठक सम्वन्धी अन्य कार्यविधि परिषद् आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

११. <u>अधिकार प्रत्यायोजन</u> : परिषद्ले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये केही अधिकार आवश्यकतानुसार अध्यक्ष, सदस्य वा दफा १२ बमोजिम गठन भएका समितिको सदस्यहरुलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१२. <u>समिति गठन गर्न सक्ने</u> : (१) परिषद्को निर्णयहरु कार्यान्वयन गर्न परिषद्ले आवश्यकतानुसार संयोजक र सदस्यहरु तोकी विभिन्न विषय सम्बन्धी समितिहरुको गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको समितिको बैठक तथा अन्य कार्यविधि परिषद्ले तोके बमोजिम हुनेछ ।

१३. <u>रजिष्ट्रार</u> : (१) परिषद्को दैनिक प्रशासकीय काम कारवाही गर्न श्री ५ को सरकारले नर्सिङ व्यवसायमा संलग्न कुनै व्यक्तिलाई रजिष्ट्रारमा नियुक्ति गर्न वा तोक्न सक्नेछ ।

(२) रजिष्ट्रारले परिषद्को सचिव भई काम गर्नेछ ।

(३) रजिष्ट्रारको सेवा, शर्त र सुविधा तोकिए बमोजिम हुनेछ ।

(४) रजिष्ट्रारको अनुपस्थितिमा निजले गर्नुपर्ने सबै काम कारबाही गर्न श्री ५ को सरकारले परिषद्को अन्य कुनै अधिकृत स्तरको कर्मचारीलाई तोक्नेछ ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१४. रजिष्टारको काम, कर्तव्य र अधिकार : यस ऐनमा लेखिएदेखि वाहेक रजिष्ट्रारको अन्य काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ :-

(क) परिषद्को निर्णय कार्यान्वयन गर्ने गराउने,

(ख) परिषद्को वैठकमा पेश गर्नुपर्ने छलफलको विषय सूची तयार गर्ने,

(ग) तोकिए वमोजिम अन्य काम, कर्तव्य र अधिकार ।

१५. परिषदका कर्मचारी : (१) परिषद्ले आवश्यकतानुसार कर्मचारीहरु नियुक्त गर्न सक्नेछ ।

(२) उपदफा (१) वमोजिम नियुक्त कर्मचारीहरु रजिष्ट्रारको रेखदेख र नियन्त्रणमा रहनेछन् ।

(३) परिषद्का कर्मचारीहरुको सेवा, शर्त र सुविधा तोकिए बमोजिम हुनेछ ।

१६. दर्ता किताबमा नाम दर्ता गराउन दरखास्त दिने : (१) नर्सिङ व्यवसाय गर्न चाहने तोकिए वमोजिमको न्यूनतम योग्यता प्राप्त गरेका नर्स तथा अ.न.मि.ले यो ऐन र यस ऐन अन्तर्गत वनेका नियमको अधीनमा रही दर्ता किताबमा नामदर्ता गराउन परिषद्मा तोकिए वमोजिम दरखास्त दिनु पर्नेछ ।

(२) यो ऐन प्रारम्भ भएका बखत नर्सिङ व्यवसाय गरिरहेका नर्स तथा अ.न.मि. हरुले दर्ता किताबमा नामदर्ता गराउन यो ऐन प्रारम्भ भएको मितिले ६ महिनाभित्र उपदफा (१) वमोजिम दरखास्त दिनु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

559

(३) उपदफा (१) वा (२) वमोजिम नामदर्ता गराउन दरखास्त दिने नर्स तथा अ.न.मि.ले दरखास्तसाथ आफ्नो योग्यता सम्वन्धी प्रमाणपत्र, सिफारिशपत्र र तोकिए वमोजिमको अन्य कागजात तथा दस्तुर संलग्न गर्नु पर्नेछ ।

१७. दरखास्त उपर कारवाही र दर्ताको प्रमाणपत्र : (१) दफा १६ वमोजिम पर्न आएको दरखास्त उपर रजिष्ट्रारले आवश्यक जाँचवुझ गरी दर्ता कितावमा नामदर्ता गर्न सम्वन्धित विषय समितिमा पेश गर्नेछ ।

(२) उपदफा (१) वमोजिम पेश हुन आएको दरखास्त उपर सम्वन्धित विषय समितिले योग्यता सम्वन्धी उपाधि मान्यता प्राप्त हो होइन र दरखास्त रीतपूर्वक छ छैन भन्ने कुराको समेत जाँचवुझ गरी पन्ध्र दिनभित्र परिषद् समक्ष प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(३) उपदफा (२) वमोजिम समितिले पेश गरेको प्रतिवेदनको आधारमा परिषद्ले दरखास्तवालाको नामदर्ता कितावमा दर्ता गर्ने नगर्ने कुराको निर्णय गर्नेछ ।

(४) उपदफा (३) वमोजिम परिषद्ले दरखास्तवालाको नामदर्ता हुने निर्णय गरेकोमा रजिष्ट्रारले त्यस्तो दरखास्तवालाको नामदर्ता कितावमा दर्ता गरी निजलाई तोकिएको ढाँचामा दर्ताको प्रमाणपत्र दिनु पर्नेछ । परिषद्ले दरखास्तवालाको नामदर्ता नगर्ने निर्णय गरेकोमा रजिष्ट्रारले त्यसको जानकारी दरखास्तवालालाई दिनेछ ।

१८. दर्ता कितावबाट नाम हटाउने र पुनः नामदर्ता गर्ने : (१) देहायको कुनै अवस्थामा परिषद्ले कुनै दर्तावाला नर्स तथा अ.न.मि.को नामदर्ता कितावबाट हटाउन आदेश दिन सक्नेछ :-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) मगज विग्रेको,

(ख) नैतिक पतन देखिने फौज्दारी अभियोगमा अदालतवाट सजाय पाएको,

(ग) साहूको ऋण तिर्न नसकी दामासाहीमा परेको, वा

(घ) पेशा सम्वन्धी तोकिएको आचरण पालन नगरेको भनी परिषद्को दुई तिहाई वहुमतले ठहराएको ।

(२) उपदफा (१) को खण्ड (क), (ग) र (घ) बमोजिम दर्ता किताववाट नाम हटाइएको नर्स तथा अ.न.मि.ले मनासिव माफिकको कारण देखाई पुन: नामदर्ता गराउन दरखास्त दिएमा परिषद्ले निजको नाम पुन: दर्ता गर्नु मनासिव देखेमा नामदर्ता गर्ने आदेश दिन सक्नेछ ।

(३) उपदफा (२) वमोजिम आदेश प्राप्त भएमा रजिष्ट्रारले तोकिए बमोजिम दस्तुर लिई त्यस्तो नर्स तथा अ.न.मि.को नामदर्ता कितावमा पुन: दर्ता गरी प्रमाणपत्र दिनु पर्नेछ ।

१९. प्रमाणपत्र रद्द गर्ने : धोखा वा गल्तीले कुनै व्यक्तिको नामदर्ता किताबमा दर्ता हुन गएको रहेछ भन्ने कुराको जानकारी हुन आई सो कुरा जाँचबुझ गर्दा साँचो ठहरिन आएमा परिषद्ले त्यस्तो व्यक्तिको दर्ताको प्रमाणपत्र फिर्ता लिई दर्ता रद्द गर्न सक्नेछ ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
C-52

२०. नर्सिङ व्यवसाय गर्न नपाउने : यो ऐन प्रारम्भ भएको एक वर्ष पछि दर्तावाला नर्स तथा अ.न.मि. वाहेक अन्य नर्स तथा अ.न.मि.ले प्रत्यक्ष वा अप्रत्यक्ष रुपले नर्सिङ व्यवसाय गर्न पाउने छैन ।

२१. शैक्षिक योग्यताको मान्यता : (१) परिषद्ले नर्सिङ व्यवसाय सम्वन्धी शैक्षिक योग्यताको प्रमाणपत्र वा अन्य उपाधिहरुलाई मान्यता प्रदान गर्न सक्नेछ ।

(२) उपदफा (१) वमोजिम मान्यता प्रदान गरिएको शैक्षिक योग्यताको प्रमाणपत्र वा उपाधिहरु नेपाल राजपत्रमा प्रकाशित गरिनेछ ।

२२. विवरण माग गर्न सक्ने : दफा २१ वमोजिम मान्यता प्रदान गरिएको शैक्षिक योग्यताको प्रमाणपत्र वा अन्य उपाधिहरु प्रदान गर्ने शिक्षण संस्थाले त्यस्तो प्रमाणपत्र वा अन्य उपाधिहरुको निमित्त निर्धारित गरेको पाठ्यक्रम तथा भर्नाका लागि निर्धारित गरेको शर्तहरुको मूल्याङ्कनको लागि परिषद्ले समय समयमा त्यस्तो संस्थासंग विवरण माग गर्न सक्नेछ र सो विवरण उपलब्ध गराउनु त्यस्तो संस्थाको कर्तव्य हुनेछ ।

२३. परीक्षाको निरीक्षण : दफा २१ वमोजिम मान्यता प्रदान गरिएको शैक्षिक योग्यताको प्रमाणपत्र वा अन्य उपाधिहरुको लागि सम्वन्धित शैक्षिक संस्थावाट लिइने परीक्षाहरु निरीक्षण गर्न परिषद्ले निरीक्षक नियुक्त गरी पठाउन सक्नेछ । त्यसरी नियुक्ति गरिएका निरीक्षकले आफूले निरीक्षण गरेको परीक्षाको सम्वन्धमा परिषद्ले तोकेको विवरण खुलाई परिषद् समक्ष प्रतिवेदन पेश गर्नेछ ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर निरीक्षकले त्यस्तो कुनै परीक्षामा कुनै किसिमको हस्तक्षेप गर्न पाउने छैन ।

२४. मान्यता हटाउने : (१) दफा २२ बमोजिम प्राप्त विवरण र दफा २३ बमोजिम प्राप्त प्रतिवेदन उपर विचार गर्दा दफा २१ बमोजिम मान्यता प्रदान गरिएको कुनै शैक्षिक योग्यताको प्रमाणपत्र वा उपाधिको निमित्त सम्बन्धित शिक्षण संस्थाले निर्धारण गरेको पाठ्यक्रम भर्नाका शर्तहरु तथा परीक्षा सञ्चालन विधि उपयुक्त एवं पर्याप्त छैन भन्ने लागेमा सो सम्बन्धमा परिषद्ले आफ्नो प्रतिवेदन श्री ५ को सरकार समक्ष पेश गर्नेछ ।

(२) उपदफा (१) बमोजिम परिषद्को प्रतिवेदन प्राप्त भएपछि श्री ५ को सरकारले आवश्यक देखेमा सम्बन्धित शिक्षण संस्थासंग स्पष्टीकरण माग गर्न सक्नेछ र स्पष्टीकरण प्राप्त भएमा सो उपर विचार गरी अरु कुनै जाँचबुझ गर्नुपर्ने भए आवश्यक जाँचबुझ गरी सो समेतको आधारमा श्री ५ को सरकारले त्यस्तो शिक्षण संस्थाबाट कुनै खास मिति पछि प्रदान गरिएको नर्सिङ व्यवसाय सम्बन्धी शैक्षिक योग्यताको प्रमाणपत्र वा अन्य उपाधिको मान्यतालाई नेपाल राजपत्रमा सूचना प्रकाशित गरी हटाउन सक्नेछ ।

२५. यो ऐन बमोजिम हुने : अरु प्रचलित कानूनमा जेसुकै लेखिएको भए तापनि यस ऐनमा लेखिएका कुराहरु यसै ऐन बमोजिम हुनेछ ।

२६. परिषदको कोष : (१) परिषद्को एउटा छुट्टै कोष रहनेछ ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) परिषद्को कोषमा देहायबमोजिमका रकमहरु रहनेछन् :-

(क) श्री ५ को सरकारवाट प्राप्त रकम,

(ख) नर्सिङ व्यवसायीहरुको नाम दर्ता गर्दा प्राप्त दस्तुर वापतको रकम, र

(ग) अन्य श्रोतवाट प्राप्त रकम ।

(३) परिषद्को कोषको सञ्चालन परिषद्ले तोके बमोजिम हुनेछ ।

२७. <u>लेखा र लेखा परीक्षण</u> : (१) परिषद्ले आय व्ययको लेखा तोकिए वमोजिम राख्नेछ ।

(२) परिषद्को लेखापरीक्षण तोकिए बमोजिम हुनेछ ।

(३) श्री ५ को सरकारले चाहेमा कोषको हिसाव किताव सम्बन्धी कागजात जुनसुकै वखत जाँच्न वा जँचाउन सक्नेछ ।

२८. <u>परिषदको विघटन</u> : (१) परिषद्ले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफूलाई प्राप्त अधिकार प्रयोग गर्न नसकेको वा अधिकारको दुरुपयोग गरेको वा प्राप्त अधिकार भन्दा बढी अधिकार प्रयोग गरेको वा यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम परिषद्ले पालन गर्नुपर्ने कर्तव्य पालन गर्न नसकेको भन्ने श्री ५ को सरकारलाई लागेमा श्री ५ को सरकारले परिषद्लाई विघटन गर्न सक्नेछ ।


आधिकारिकता मुद्रण विभागबाट प्रकाशित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपदफा (१) बमोजिम परिषद् विघटन भएपछि सो परिषद्को कोष र सम्पत्ति श्री ५ को सरकारले आफ्नै जिम्मामा राखी अर्को परिषद् गठन नभएसम्म यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम परिषद्ले गर्नु पर्ने सबै काम कारबाही आफैले गर्न वा कुनै समिति गठन गरी सो समितिबाट गराउन सक्नेछ ।

(३) उपदफा (१) बमोजिम परिषद् विघटन भएको साधारणतया तीन महिनाभित्र श्री ५ को सरकारले दफा ३ बमोजिम अर्को परिषद् गठन गर्नेछ ।

(४) उपदफा (३) बमोजिम अर्को परिषद् गठन भएपछि उपदफा (२) बमोजिम श्री ५ को सरकारले आफ्नो जिम्मामा राखेको कोष र सम्पत्ति उक्त परिषद्लाई हस्तान्तरण गर्नेछ ।

२९. दण्ड सजाय : (१) दफा २० को बर्खिलाप नर्सिङ व्यवसाय गर्ने व्यक्तिलाई तीन हजार रुपैयाँसम्म जरिवाना वा ६ महिनासम्म कैद वा दुवै सजाय हुनेछ ।

(२) उपदफा (१) मा उल्लेख गरिएदेखि बाहेक यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको बर्खिलाप हुने गरी कुनै काम गर्ने व्यक्तिलाई दुई हजार रुपैयाँसम्म जरिवाना हुनेछ ।

३०. अनुसन्धान तहकिकात गर्ने तथा मुद्दा चलाउने अधिकारी : दफा २० बमोजिमको कसूरको अनुसन्धान तहकिकात गर्ने तथा मुद्दा चलाउने अधिकारी वा निकाय र तत्सम्बन्धी कार्यविधि श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिए बमोजिमको हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। 586

३१. नियम बनाउने अधिकार : यो ऐनको उद्देश्य कार्यान्वयन गर्न परिषद्‌ले आवश्यक नियमहरु बनाउन सक्नेछ र त्यस्तो नियम श्री ५ को सरकारबाट स्वीकृत भएपछि मात्र लागू हुनेछ ।

लालमोहर सदर मिति :- २०५२।१२।७४

आज्ञाले,
सुरेशमान श्रेष्ठ
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार
CSC